# बार्षिक प्रगति विवरण




## आर्थिक बर्ष २०७६/०७७

**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**प्रधान कार्यालय, बबरमहल**
**काठमाडौं**

Civil Aviation Authority of Nepal

# नेपाल नागरिक उड्डयन प्राधिकरण

## आ.व. २०७६/०७७ मा सम्पन्न प्रमुख कार्य र हासिल भएका उपलब्धी

आ.व. २०७६।७७ को बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा प्राधिकरणले विमानस्थल भौतिक पूर्वाधार विकास, एयर नेभिगेसन प्रणालीको आधुनिकिरण, उडान सुरक्षा सुदृढीकरण तथा संस्थागत सुधारको महत्वपूर्ण उद्देश्य राखेको थियो । नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण बर्ष घोषणा गरेको सन्दर्भमा प्राधिकरणको आम्दानी समेत उल्लेख्य अभिबृद्धि हुने र लक्षित प्रतिफल हासिल हुने अपेक्षा गरिएको थियो । गत २०७६ साल फागुन देखि विश्वमा कोरोनाको महामारी फैलिएपछि हवाई उडानको आयमा निर्भर हुनुपर्ने प्राधिकरणको आम्दानी ४३ प्रतिशतले न्यून हुन गई कतिपय कार्यक्रमलाई प्राधिकरणले अगाडि बढाउन सकेन भने मुलुकभर लागू गरिएको बन्दाबन्दीका कारण विकास योजनाको काममा समेत नकरात्मक प्रभाव पर्न गयो । यस्तो प्रतिकुल परिस्थितीका वावजुद नागरिक उडड्यनको क्षेत्रमा हासिल भएका केही महत्वपूर्ण उपलब्धीलाई यहाँ संक्षेपमा प्रस्तुत गरिएको छ ।

### हवाई यातायात क्षेत्र



त्रिअविमा दुई वाईडबडी क्षमताको विसान क्षेत्र विस्तार

- सन् २०१८ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडान तर्फ कुल ४३,४२,४८६ यात्रु आवागमन भएकोमा सन् २०१९ मा यो संख्या ४१,३८,५६३ रहेको छ जुन अघिल्लो बर्षको तुलनामा ४.६ प्रतिशतले न्युन रहेको छ । त्यसै गरी आन्तरिक उडान तर्फ सन् २०१८ मा २८,४७,७५२ यात्रु आवागमन भएकोमा सन् २०१९ मा यो संख्या १६.१६ प्रतिशतले बृद्धि भई ३१,८८,४७९ यात्रु आवागमन पुगेको छ । नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण बर्ष घोषणा गरेको हुँदा यस बर्ष उल्लेखनीय संख्यामा विदेशी यात्रुको आगमनमा बृद्धि हुने अपेक्षा गरिएकोमा कोभिड १९ को महामारीका कारण हवाई तथा पर्यटन क्षेत्र धराशायी जस्तै हुन पुगेको छ ।

- नेपालले द्विपक्षीय हवाई सेवा सम्झौता तथा समझदारी पत्रमा हस्ताक्षर गरेका मुलुकको संख्या ४० पुगेको छ। यसबाट अन्तर्राष्ट्रिय उडानमा एकतर्फी करीव ८० लाख हवाई सिट उपलब्ध रहेता पनि हाल संचालित वायुसेवाबाट करीव २९ लाख अर्थात ३६ प्रतिशत हवाई सिट मात्र उत्पादन हुन सकेको छ जसमा नेपाली वायुसेवाले ९ प्रतिशत सिट उत्पादन गरेका छन् भने विदेशी वायुसेवाहरुले २७ प्रतिशत सिट उत्पादन गरेको देखिन्छ ।



खिजी चण्डेश्वरी विमानस्थल निर्माण भै परीक्षण उडान सम्पन्न

- अन्तर्राष्ट्रिय उडान तर्फ ३ वटा नेपाली वायुसेवा र २७ वटा विदेशी वायुसेवा गरी ३० वटा वायुसेवाले १५ मुलुकका ३२ वटा गन्तव्यमा उडान संचालन गरिरहेका छन् ।

- नेपालमा नियमित हवाई सेवामा अन्तर्राष्ट्रिय उडान तर्फ ३ वटा वायुसेवा, आन्तरिक उडान तर्फ ९ वटा वायुसेवा र १० वटा हेलिकप्टर कम्पनी संचालनरत छन् ।

- नेपालले अष्ट्रेलिया र यु.ए.ई. सँग हवाई सम्झौतामा हस्ताक्षर गरेको छ, नेपालले हवाई सम्झौतामा हस्ताक्षर गरेका मुलुकको संख्या ४० पुगेको छ ।

- नेपाल एयरलाइन्सले जापानको ओसाकामा नियमित उडान प्रारम्भ गरेको र चिनको ग्वाङजाउको लागि अनुमति प्राप्त गरेको छ । हिमालय एयरलाइन्सले साउदी अरेवियाको दम्माम, बंगलादेशको ढाका, चीनको बेइजिंग, छाङसा, सेन्जेन, गुयाङ र छोङसिङ मा नियमित उडान प्रारम्भ गरेको छ ।

## विमानस्थल पुर्वाधार विकास

- नेपालमा विमानस्थलहरुको कुल संख्या ५४ रहेको छ जसमा ३५ वटा विमानस्थलहरुको धावनमार्ग पक्की रहेको छ । यस मध्ये ३२ वटा विमानस्थल संचालनमा रहेका छन् भने २२ वटा विमानस्थल संचालनमा छैनन् ।



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल धावनमार्ग पुनरुद्वार कार्य

- हाल मुलुकमा एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल रहेको छ, र दुई वटा थप अन्तर्राष्ट्रिय विमानस्थलहरु गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणाधिन छन् ।

## त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता अभिबृद्धि कार्यक्रम अन्तर्गत धावनमार्ग तथा ट्याक्सीमार्गको विश्वमा प्रचलित आधुनिक प्रविधी तथा सामग्रीको प्रयोग गरी पुनरुद्वार (Rehabilitation) गर्ने कार्य सम्पन्न गरिएको छ ।



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल धावनमार्ग पुनरुद्वार कार्य

- उक्त पुनरुद्वार गरिएको धावनमार्गको दक्षिण पट्टीको भागमा केही स्थानमा पानी रसाएको पाइएको र यसको चिनीयाँ निर्माण कम्पनी तथा प्राधिकरणका परामर्शदाताबाट दैनिक रुपमा अवलोकन र परीक्षण भई प्राप्त प्रतिवेदन बमोजिम समाधानको कार्य भइ रहेको । त्रिभुवन विमानस्थलको भौगर्भिक अध्ययनबाट यहाँ धावनमार्गको सतह मुनि ठुलो परिमाणमा पानी रहेको पाइएकोले यसलाई दृष्टिगत गरी उक्त Rehabilitation कार्यको सम्झौता गर्दा २ वटा Monsoon season सम्म Defect Liability Period (DLP) कायम गरिएको थियो ।



नव निर्मित प्रस्थान कक्ष

- विमानस्थलमा थप २ वाईडवडी विमान विसान क्षमताको एप्रोन निर्माण कार्य सम्पन्न भएको छ भने धावनमार्गको लम्बाई ३०० मिटर बढाई Runway Safety Area बनाउने कार्य पनि सम्पन्न भएको छ ।
- त्रिभुवन विमानस्थलमा नयाँ प्रस्थान कक्षको निर्माण सम्पन्न भई संचालनमा ल्याइएको छ र पुरानो प्रस्थान कक्षका टहराहरु लाई हटाइएको छ ।



आन्तरिक तर्फ ब्यागेज कन्भेयर बेल्ट जडान

- त्रिभुवन विमानस्थलको आन्तरिक टर्मिनलमा Baggage

Handling System (BHS) जडान गरी संचालनमा ल्याइएको छ, यसबाट आन्तरिक उडानका हवाई यात्रुको सरसामान लिन सहज भएको छ ।

- त्रिभुवन विमानस्थलमा अन्तराष्ट्रिय यात्रु चेक-इन क्षेत्रमा In line baggage screening system जडान गरी संचालनमा ल्याईएको छ ।
- त्रिभुवन विमानस्थलमा २४ वटा आन्तरिक वायुयान विसान क्षमताको एप्रोन निर्माण र ट्याक्सी मार्गलाई उत्तर तर्फ धावनमार्गको अन्तिम भागमा जोड्न निर्माणको कार्यको लागि सम्झौता सम्पन्न भएको छ ।



त्रिअवीमा In line baggage screening system

- बुटिक विमानस्थलको अवधारणा अनुरुप टर्मिनल भवनको बाहिर पट्टी सिलिकन पेण्टिंग, बगैंचा निर्माण, ब्यागेज क्लेम एरियामा कलात्मक मुर्तीहरु तथा आगमन स्थानमा बाहिर बुद्धको आकर्षक ठुलो धातुको कलात्मक मुर्ती राखिएको छ । आन्तरिक र अन्तर्राष्ट्रिय टर्मिनल भवन भित्र Renovation को कार्य र क्यानोपीको निर्माण कार्य जारी छ ।



आगमन तर्फ बुद्धको धातुको कलात्मक मुर्ती स्थापना

## गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना

- निर्माणको प्रारम्भ देखि नै समस्याग्रस्त रही दातृ निकाय एशियाली विकास बैंक बाहिरिएको यस आयोजनालाई नेपाल सरकार र प्राधिकरणले सहजिकरण गरी अगाडि बढाएको र यसमा उल्लेखनीय प्रगति देखिएपछि एडिवी पुन: सहभागी भएको ।
- नेपाल सरकार, प्राधिकरण र एडिवीले यो आयोजनालाई असफल हुन नदिन हदै सम्मको लचकता अपनाई सहजिकरण गरिदिएको कारण अहिले यो निर्माणको अन्तिम चरणमा रहेको छ । लक डाउनका कारण कार्यमा केही सुस्तता आएतापनि निर्माण कार्यमा रुकावट नआएको र हाल भौतिक प्रगति ९१ प्रतिशत पुगेको छ । विमानस्थलको भौतिक पुर्वाधार निर्माण कार्य सम्पन्न भई Finishing को कार्य अधिकांस सम्पन्न भई सकेको छ ।



गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल टावर कम्प्लेक्स

- विमानस्थलमा जडान गर्नुपर्ने रनवे लाइट, यान्त्रिक अवतरण प्रणाली, संचार-उड्डयन सहाय उपकरणहरु, ब्यागेज ह्याण्डलिंग सिष्टम, एक्स रे आदि यन्त्र उपकरण अधिकांश आइसकेको र जडान गर्न बाँकी रहेको छ । कतिपय त्यस्ता उपकरण युरोप र अमेरिकामा निर्माण भएकाले सोको जडानका लागि ति मुलुकका सम्बद्ध कम्पनीका प्राविधिक आउनुपर्ने हुँदा सम्बद्ध मुलुकको यात्रा रोकका कारण उनीहरु आउन नसकिरहेको ।



गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको धावन मार्ग

- प्राधिकरणले कुटनीतिक माध्यमबाट यसको सहजिकरणका लागि मन्त्रालय मार्फत श्री परराष्ट्र मन्त्रालयमा अनुरोध गरेको । परिस्थिती सामान्य बनेमा डिसेम्बर सम्म सम्पूर्ण कार्य सम्पन्न गरी हस्तान्तरण हुने अपेक्षा गरिएको ।

## पोखरा अन्तर्राष्ट्रिय विमानस्थल आयोजना

- यस आयोजनाको निर्माण कार्य ६१ प्रतिशत सम्पन्न भएको छ र यो निर्धारित समय भन्दा ६ महिना अघि सम्पन्न हुने देखिएकोमा विद्यमान परिस्थितीका कारण त्यो सम्भव नभएतापनि निर्धारित अवधि भित्रै सम्पन्न हुने अपेक्षा गरिएको छ ।
- यो आयोजनामा कार्यरत अधिकांस प्राविधिक चिनियाँ नागरिक रहेको र लकडाउनका कारण अझै नेपाल फर्कन नसकेको । हाल विमानस्थलमा उपलब्ध नेपाली र चिनियाँ कामदारलाई विमानस्थल क्षेत्रमै आवासको व्यवस्था मिलाई निरन्तर काम सुचारु रहेको छ ।


निर्माणाधिन पोखरा अन्तराष्ट्रीय विमानस्थल

## आन्तरिक विमानस्थलहरु

- आन्तरिक विमानस्थलहरुलाई समेत गुरुयोजना तयारी गरी चरणबद्धरुपमा विकास गर्दै लैजाने नीति लिइएको छ । जस अन्तर्गत चन्द्रगढी, विराटनगर, राजविराज, नेपालगंज, धनगढी, महेन्द्रनगर र रामेछाप विमानस्थलहरुको गुरुयोजना तयार गर्ने कार्य सम्पन्न भएको छ ।
- नेपालगंज विमानस्थलमा थप ६ वटा आन्तरिक सेवाका ठुला वायुयान विसान गर्न सकिने गरी एप्रोन निर्माण कार्य सम्पन्न भएको छ ।


नेपालगंज विमानस्थलमा एप्रोन विस्तार

- दाङ्गको मौजुदा तुल्सीपुर विमानस्थलको धावनमार्ग उत्तर-दक्षिण रहेको र ठुला वायुयान संचालनको लागि गरिनुपर्ने विस्तार प्राविधिक रुपले सहज नभएकोले तुल्सीपुर र घोराहीको बीचमा अवस्थित नारायणपुरमा पुर्व-पश्चिम धावनमार्ग हुने गरी विमानस्थल निर्माणका लागि पुर्व सम्भाव्यता अध्ययन सम्पन्न गरिएको छ ।
- चन्द्रगढी, भरतपुर र धनगढी विमानस्थलको धावनमार्ग, ट्याक्सीमार्ग र वायुयान विसान क्षेत्रमा Overlay गर्ने कार्य सम्पन्न गरिएको छ ।
- लामो समय देखि संचालनमा नरहेका बैतडी र डोटी विमानस्थललाई पन: संचालनमा ल्याउन धावनमार्ग, ट्याक्सीमार्ग तथा विसान क्षेत्र कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ ।
- ओखलढुङ्गामा खिजि चन्डेश्वरी विमानस्थलको निर्माण कार्य सम्पन्न भई २३ डिसेम्बर २०१९ मा परीक्षण उडान सम्पन्न भएको छ । समुद्र सतहबाट ६५६० फिटको उचाईमा निर्मित उक्त विमानस्थलको धावन मार्गको लम्बाई ६४५ मिटर छ ।



भरतपुरमा धावनमार्ग ट्याक्सीमार्ग सुदृढीकरण र विसान विस्तार

- राजविराज र रुम्जाटार विमानस्थलमा नयाँ टर्मिनल भवन निर्माण सम्पन्न भएको छ भने रामेछाप विमानस्थलमा टर्मिनल भवन विस्तार गरिएको छ ।
- फाप्लु विमानस्थलको वायुयान विसान क्षेत्रलाई Rigid Pavement गर्ने कार्य सम्पन्न गरिएको छ ।
- धनगढी विमानस्थलमा वायुयानलाई धावनमार्गमा अवतरण गर्न सघाउ पुऱ्याउने Simple Approach Lighting System जडान गरिएको छ ।
- चन्द्रगढी, जनकपुर, भरतपुर र धनगढी विमानस्थलमा Small Fire Vehicle मार्फत अग्नि नियन्त्रण तथा उद्दार सेवा उपलव्ध गराइएको छ भने जुम्ला, जोमसोम, सिमिकोट, रामेछाप र तुम्लिगंटार विमानस्थलमा Ultra-Light Fire Vehicle मार्फत अग्नि नियन्त्रण तथा उद्दार सेवा उपलव्ध गराइएको छ । यसका साथै नेपालमा उद्दार तथा अग्नी नियन्त्रण सेवा उपलब्ध भएका विमानस्थलको संख्या १७ पुगेको छ ।



विराटनगरमा वायुयान विसानक्षेत्र र ट्याक्सीवे विस्तार कार्य सम्पन्न



बैतडीमा धावनमार्ग ट्याक्सीवे र विसान कालोपत्रे गर्ने कार्य सम्पन्न

## एयर नेभिगेसन प्रणाली

- जनकपुर विमानस्थलमा भुउपग्रहमा आधारित वायुयान अवतरण प्रणाली (RNAV Procedure) तर्जुमा गरी लागु भएको छ । उक्त विमानस्थलमा Runway Lighting System जडान कार्य सम्पन्न भई रात्रि उडान योग्य भएको छ ।
- काठमाण्डौ, भैरहवा, नेपालगञ्ज र धनगढीमा ADS-B जडान कार्य सम्पन्न भएको छ यसबाट नेपालको हवाई क्षेत्रमा नयाँ प्रविधियुक्त एयर ट्राफिक निगरानी प्रणाली स्थापना गरिएको छ ।



डोटीमा धावनमार्ग ट्याक्सीवे र विसान कालोपत्रे गर्ने कार्य सम्पन्न

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उडान व्यवस्थापन इकाई संचालनमा ल्याई ACDM/ATFM सम्बन्धि प्रारम्भिक कार्य शुरु गरिएको छ । यसबाट पाइलट र एयर ट्राफिक कन्ट्रोलरको कार्यबोझ घट्न जाने भई उडान सुरक्षामा थप प्रभावकारीता आउने ।
- धनगढी विमानस्थलमा DVOR/DME उपकरण जडान सम्पन्न भएको र चन्द्रगढी विमानस्थलमा DVOR/DME उपकरण जडान कार्य भई रहेको ।
- फाप्लु, रामेछाप र जोमसोम विमानस्थलमा उड्डयन मौसम सूचना सेवालाई आवश्यक उपकरण सहित सुदृढिकरण गर्ने कार्य सम्पन्न भएको छ ।



DVOR/DME धनगढी विमानस्थल

- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको लागि भुउपग्रहमा आधारित हवाई रुट र अवतरण प्रणाली तर्जुमा भई भारत सरकारको Airports Authority of India लाई पठाइएको छ ।
- राजविराज विमानस्थलमा भु-उपग्रहमा आधारित (RNAV Procedure) तर्जुमा भई परिक्षण उडान सफलतापूर्वक सम्पन्न भएको छ । अब काठमाडौं समेत ७ ओटा विमानस्थलमा भु-उपग्रहमा आधारित उडान कार्य विधि लागु भएको छ ।



भरतपुर चन्द्रगढि धनगढी, भरतपुरमा अग्नी नियन्त्रण सेवा

## उड्डयन सुरक्षा

- अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको ग्लोबल एभिएसन सेफ्टी प्लान बमोजिम नेपाल एभिएसन सेफ्टी प्लान तर्जुमा गरी लागु गरिएको छ । यस्तो प्लान तयार गरि लागु गर्ने नेपाल एसिया-प्रसान्त क्षेत्रमा सिमित मुलुक भित्र पर्दछ ।



प्राधिकरणद्वारा Aviation Safety Report, 2019 जारी

- नेपालले राष्ट्रिय उड्डयन सुरक्षा कार्यक्रम (State Safety Programme) तर्जुमा गरी पहिलो चरणको कार्य सम्पन्न गरेको छ भने सबै वायुसेवा कम्पनीहरुको उडान सुरक्षा व्यवस्थापन प्रणाली (Safety Management System) कार्यान्वयन गरी सोको पहिलो चरणको अडिट कार्य सम्पन्न गरिएको छ ।
- नेपालले Aviation Safety Report, 2019 जारी गरेको छ । उडान सुरक्षामा प्राधिकरण, हवाई सेवा कम्पनी तथा अन्तर्राष्ट्रिय संघ संस्थाको सहकार्यका कारण हवाई जहाज तर्फ साना वायुयान दुर्घटनामा मृत्यु दर सरदर ५ गुणाले न्युन भएको छ । हेलिकप्टर तर्फ बर्षेनी सरदर १ दुर्घटना र ५ मृत्युदर रहेको छ । प्राधिकरणले हेलिकप्टरमा उडान सुरक्षा सुदृढ गर्न एयरबस हेलिकप्टरसँग सहकार्य गरी विभिन्न तालिम तथा सचेतना कार्यक्रम संचालन गरेको छ ।



Helicopter Safety का लागि एयरवस हेलिकप्टर र प्राधिकरणवीच सहकार्य

- अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) ले १६-२५ अक्टुवर २०१९ मा नेपालको हवाई सुरक्षा अडिट सफलतापुर्व सम्पन्न गरेको छ । अडिटको दौरानमा हवाई सुरक्षासँग सम्बद्ध प्राधिकरण, सुरक्षा निकाय तथा अन्य संस्थासँग सम्बन्धित कायक्षेत्रमा सुधारका लागि सुझावहरु दिइएता पनि हवाई सुरक्षा सम्बन्धी कुनै गम्भिर कमिकमजोरी वा चासो भने औंल्याएको छैन ।
- National Civil Aviation Security Programme (NCASP) 2019, National Civil Aviation Quality Control Programme, 2019 / National Civil Aviation Security Training Programme, 2019 स्वीकृत भई लागु गरिएको छ ।



EUबाट आयोजित उडान सुरक्षा सम्बन्धी TAIEX कार्यक्रम

- नेपाल प्रहरीका महानिरीक्षक तथा नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक वीच विमानस्थलमा हवाई सुरक्षाको प्रभावकारी कार्यान्वयनका लागि पारस्परिक सहकार्य गर्न ICAO को प्रावधान बमोजिम मझदारीपत्रमा हस्ताक्षर भएको छ ।
- नागरिक उड्डयन प्रतिष्ठानले पहिलो पटक हवाई सुरक्षा प्रशिक्षक प्रमाणिकरण कोष संचालन गरेको छ। प्रतिष्ठानले विदेशि (भुटानी) प्रशिक्षार्थिहरुलाई X-ray examination and screening तालिम समेत प्रदान गरेको छ।



नेपाल प्रहरी र प्राधिकरणवीच हवाई सुरक्षा समझदारी

## नीतिगत र संस्थागत सुधार

- बार्षिक नीति तथा कार्यक्रमको प्रभावकारी एवं समयबद्ध कार्यान्वयनका लागि निर्देशनालय, विभाग, महाशाखा र आयोजना प्रमुख तह सम्म कार्य सम्पादन सम्झौता गर्ने कार्य प्रारम्भ गरिएको छ।
- २०७६ साल श्रावण देखि विमानस्थल शुल्क तथा राजश्वलाई Online Billing System मार्फत व्यवस्थित गरिएको छ।



राजविराज विमानस्थलमा नव निर्मित टर्मिनल भवन

- प्राधिकरणको आन्तरिक लेखा परीक्षण कार्य विगतमा परामर्शदाताबाट हुँदै आएकोमा आ.व.२०७६।७७ देखि आफ्नै जनशक्ति तयार गरी शुरु गरिएको छ।
- नागरिक उड्डयनको क्षेत्रमा हाल नेपाल नागरिक उड्डयन प्राधिकरणले सम्पादन गर्दै आएको नियमनकारी कार्य र सेवा प्रदायक कार्यलाई छुट्टा छुट्टै संस्था मार्फत सम्पादन गर्ने गरी नेपाल नागरिक उडयन प्राधिकरण विधेयक, २०७७ र नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७७ संघिय संसदमा प्रस्तुत गरि एको छ। यसको साथै भावी संस्थाका लागि आवश्यक पर्ने नियमावली तथा संगठन संरचना तर्जुमा कार्य समानान्तरण रुपमा भइरहेको छ।
- नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानलाई राष्ट्रिय उड्डयन प्रतिष्ठानको रुपमा विकास गर्ने अवधारणा अनुरुप यस सम्बन्धी प्रस्ताव नेपाल सरकारमा पठाइएको छ। यसबाट उक्त संस्थाबाट प्रदान हुने तालिमको दायरा बढाई वायुयान चालकको समेत तालिम संचालन गर्न सकिने बनाई बर्षेनी करोडौं रुपैयाँ बाहिरिने बर्तमान अवस्था रोकिने र मुलुकमा सुलभ, गुणस्तरीय र किफायती उड्डयन सम्बन्धी तालिम उपलब्ध भई उडान सुरक्षामा बल पुग्नेछ।




X-ray examination and screening तालिम

- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई जर्मन सरकारको ख्याती प्राप्त विमानस्थल संचालक कम्पनी म्युनिख एयरपोर्टसँग सहकार्य गरी संचालन गर्ने प्रकृया अघि बढाइएकोमा केही नीतिगत समस्याका

कारण यो प्रकृया हालै अवरुद्ध भएको छ। प्राधिकरणले यस विमानस्थलाई एक स्वायत्त कम्पनी मोडेलमा संचालन गरी स्वदेशी, विदेशी लगानी समेत भित्र्याउन सकिने गरी नेपाल सरकारमा प्रस्ताव गरेको छ।

## अन्तर्राष्ट्रिय सम्बन्ध र उड्डयन कुटनीति

- १९-२३ अगष्त २०१९ मा नेपालमा आयोजित एशिया प्रशान्त क्षेत्रका नागरिक उड्डयन महानिर्देशकहरुको सम्मेलन सफलतापूर्व सम्पन्न भयो । सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्युबाट उद्घाटन भएको उक्त सम्मेलनमा ३७ मुलुक र १४ अन्तर ाष्ट्रिय संघ संस्थाका ४११ प्रतिनिधीहरु सहभागी थिए। उक्त सम्मेलनले नेपालको नागरिक उड्डयन क्षेत्रलाई विश्व सामु सुपरिचित बनाएको छ भने त्यस अवधिमा भएका साइड लाइन बैठकहरुबाट नेपालको उड्डयन कुटनीति सुदृढ बनेको छ।




56th DGCA Conference को उदघाटन समारोह

- ICAO को ४० औं महासभामा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्युको नेतृत्वमा नेपालले सहभागिता जनाएको थियो । उक्त अवसर मा नेपाली टोलीले ICAO Council का President तथा Secretary General सँग शिष्टाचार भेट गरी द्विपक्षीय हीतका विषयमा छलफल गरेको थियो ।




सगरमाथामा फहराइएको ICAO को हीरक जयन्ती विशेष झण्डा

- गत १२-१३ अक्टुवर २०१९ मा सम्पन्न चिनका महामहिम राष्ट्रपतीज्यूको भ्रमणमा २ वटा ठुला B747-800 वायुयान अवतरण तथा उडानमा त्रिभुवन विमानस्थलमा हवाई ट्राफिक व्यवस्थापन तथा यात्रा सहजीकरण गरिएको ।
- नेपाल तथा ICAO वीच २६ सेप्टेम्बर २०१९ मा Technical Cooperation Project मा हस्ताक्षर भएको छ। यस कार्यक्रम अन्तर्गत प्राधिकरणको नियमनकारी र सेवा प्रदायी संस्थाको विभाजन प्रकृयामा मार्गदर्शन र सहयोग प्राप्त हुनेछ।
- युरोपियन युनियनको उड्डयन नियमनकारी निकाय EASA का प्रमुख र प्राधिकरणका महा-निर्देशकबीच उडान सुरक्षाको क्षेत्रमा आपसी सहयोग तथा सहकार्यका लागि समझदारी गर्ने सम्बन्धमा सहमती भए बमोजिम EASA बाट प्राप्त समझदारी को मस्यौदा नेपाल सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत भई हस्ताक्षर को क्रममा रहेको छ।



मा मन्त्रीज्यूबाट ICAO को ४० औ महासभालाई सम्बोधन

- नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक राजन पोखरेल ICAO को Asia-Pacific Air Navigation Planning and Implementation Regional Group (APANPIRG) को Vice-Chair मा मनोनयन हुनु भएको।

## आर्थिक गतिविधी

- आ.व. २०७६/०७७ को आम्दानी तर्फको उपलब्धी:

| शिर्षक | प्रस्तावित | वास्तविक आय | प्रतिशत % |
|---|---|---|---|
| नियमित आम्दानी (PSC, landing, Parking, Navigation, Rent etc.) | 8,33,13,00,000.00 | 4,61,73,55,038.49 | 55 |
| विमानस्थल विकाश शुल्क | 2,21,28,00,000.00 | 1,34,77,94,095.81 | 61 |
| जम्मा | 10,54,41,00,000.00 | 5,96,51,49,134.30 | 57 |

- आ.व. २०७६/०७७ को खर्च तर्फको उपलब्धी:

| शिर्षक | विनियोजित बजेट | वास्तविक खर्च आषाढ सम्मको | प्रतिशत % |
|---|---|---|---|
| पुँजिगत खर्च | 34,04,37,00,000.00 | 13,83,59,41,958.78 | 40.68 |
| कार्यसंचालन खर्च | 4,18,84,00,000.00 | 3,40,88,26,298.47 | 81.31 |
| आयकर र अन्य खर्च | 8,73,30,00,000.00 | 2,27,07,61,436.56 | 26 |
| जम्मा | 46,96,51,00,000.00 | 19,51,55,29,693.81 | 42 |

- श्रम ऐन तथा श्रम नियमावलि को प्रावधान एवं श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको निर्देशन बमोजिम प्राधिकरण तथा मातहतका निकायमा कार्यरत सेवा प्रदायक जनशक्तिहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजना लागू गरिएको छ ।
- सेवा निवृत्त सुविधा इकाई कोषलाई नागरिक लगानी कोषसँग समन्वय गरी थप व्यवस्थित गरिएको छ ।
- प्राधिकरणको कार्य थप प्रभावकारी बनाउन र कर्मचारी लाई बढी जिम्मेवारपूर्ण तुल्याउन कार्यसञ्चालन मापदण्ड (SOP) तयार गरी लागू गरिएको छ ।


नेपाल र ICAO विच सम्पन्न प्राविधिक सहयोग समझदारी

- आ.व. २०७६/७७ मा बैदेशिक तालिम २७५ जना, स्वदेशी तालिम १२७ जना र online तालिम करिब २०० जना जनशक्तिलाई प्रदान गरिएको छ ।
- नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) मा आधारित आ.व. २०७४/७५ को वित्तिय प्रतिवेदन महालेखा परीक्षकको कार्यालयबाट प्रमाणिकरण भएको छ ।

## कोभिड १९ को प्रभाव

- अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) ले एशिया प्रशान्त क्षेत्रमा सन् २०२० मा अन्तर्राष्ट्रिय उडानमा ३८ देखि ७० प्रतिशत सम्म र आन्तरिक उडानमा २८ देखि ५० प्रतिशत सम्म हवाई यात्रु घट्न सक्ने प्रक्षेपण गरेको छ ।



महानिर्देशक र EU का उडान सुरक्षा प्रमुखवीच भेटवार्ता

- लामो समय लक डाउन गर्ने नेपाल जस्ता मुलुकका हकमा हवाई यात्रु आवागमन नराम्रोसँग प्रभावित हुने देखिन्छ । नेपालमा सन् २०२० को पहिलो ६ महिनामा गत बर्षको तुलनामा अन्तर्राष्ट्रिय तर्फ ६१ प्रतिशत र आन्तरिक तर्फ ५५ प्रतिशत हवाई यात्रु घटेको देखिन्छ भने सन् २०२० को अवधिमा यो ८० प्रतिशत सम्म पुग्ने अनुमान छ ।

- यस आ.व. मा प्राधिकरणको आम्दानी करीव रु ४ अर्ब ५० करोड अर्थात ४३ प्रतिशतले घट्न पुगेको छ । वायुसेवाहरुको आम्दानी करीव रु ६ अर्बले घट्ने देखिन्छ ।

- प्राविधिकरणले कोरोना भाईरस रोकथाम, नियन्त्रण र उपचार कोषमा रु. १ करोडको आर्थिक सहयोग उपलब्ध गराएको छ ।



महानिर्देशक भारतीय नागरिक उड्डयन मन्त्री सँग

- कोभिड १९ बाट प्राधिकरणको आम्दानी एवं राज्यको अर्थतन्त्रमा परेको प्रभावका कारण प्राधिकरणको श्रोतबाट हुने विकास निर्माणका कार्य प्रभावित भएका छन् । नेपाल सरकारको श्रोतबाट संचालित ठुला आयोजनालाई भने बजेट अभाव नहुने भएता पनि आन्तरिक विमानस्थलहरुको विकास तथा स्तरोन्नतीका कार्यक्रम प्रभावित भएका छन् ।



कोभिड 19 संक्रमण रोकथाम उच्चस्तरीय कमिटीलाई रु एक करोड सहयोग

- प्राधिकरणले निकट भविष्यमा हवाई सेवाको सुचारु संचालनका लागि वायुसेवा, विमानस्थल तथा अन्य उड्डयन सेवाले अपनाउनुपर्ने सुरक्षा तथा स्वाश्थ्य सावधानीका सम्बन्धमा Guidance to Airlines, Airports and Ground Services for Operations during COVID-19 जारी गरेको छ । सोही बमोजिम वायुसेवा कम्पनीहरु र विमानस्थलले तयार गरेको सुरक्षात्मक कार्यविधीलाई प्राधिकरणले स्वीकृत गरेको छ ।

- अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) को मार्गदर्शन बमोजिम प्राधिकरणबाट वायुयान चालक, वायुयान मर्मत सम्भार इन्जिनियर, एयर ट्राफिक कन्ट्रोलर, फ्लाइट डिस्प्याचर आदि लाई जारी भएका लाइसेंस, रेटिंग, प्रमाणपत्रको अवधि थप गरिएको छ। उल्लेखित जनशक्तिको दक्षता कायम राख्न Online तालिमको व्यवस्था मिलाइएको छ ।

- हवाई सेवा अवरुद्ध जस्तै रहेको वर्तमान अवस्थामा उडान सुरक्षामा कुनै सम्झौता हुन नदिन यस अवधिमा प्राधिकरणले १३ वटा Quick Reference Guide र १० वटा Advisory Circular जारी गरेको छ ।

- कोभिड १९ को सन्दर्भमा ICAO द्वारा हवाई सेवाको संचालन र सदस्य राष्ट्रले गरेका कार्यका सम्बन्धमा Video Conferencing मार्फत विभिन्न मितिमा आयोजित एशिया प्रशान्त क्षेत्रका महानिर्देशकहरुको बैठकमा कोभिड १९ को सन्दर्भमा नेपालले अवलम्बन गरेका उपायको बारेमा प्रस्तुती गरिएको ।



श्रीमान सचिवज्यू र ICAO काउन्सीलका अध्यक्षवीच भेटवार्ता

- प्राधिकरणका महानिर्देशक ICAO APAC COVID-19 Contingency and Recovery Planning Group (ACCRPG) को सदस्यको रुपमा ICAO को Asia Pacific Office सँग निकट सम्पर्क रही कार्यरत रहेको ।
- यस अवधिमा नेपाल वायुसेवा निगमको विमानलाई मेडिकल सामग्री ल्याउने उडानका लागि भारत, बंगलादेश, म्यानमार र चीनको नागरिक उड्डयन निकायको प्रमुखको तहमा समन्वय गरी ओभरफ् लाइट उडान अनुमति लिइएको । त्यस्तै नेपाल वायुसेवाको अष्ट्रेलियाको उडान र श्री एयरलाइन्सको अन्तर्राष्ट्रिय चार्टर उडानलाई आवश्यक सहजिकरण गरिएको छ ।
- यस अवधिमा २४ मार्च देखि १५ जुलाई २०२० सम्म कुल ३२३ वटा अन्तर्राष्ट्रिय यात्रु चार्टर उडान भएको जसमध्ये १३७५४ यात्रु बाहिरिए भने ३०१७४ यात्रु भित्रिएका छन् । त्यस्तै अन्तर्राष्ट्रिय कार्गो उडानबाट करीवे ९९८ टन कार्गो आयात भएको छ भने करीव ५०५ टन कार्गो निर्यात भएको छ ।
- आन्तरिक उडानमा हवाई जहाज तर्फ १६९० उडान भएका छन् जसमा ३१७४ जना यात्रु तथा १९३६ टन, खाद्यान्न, औषधीमुलो तथा अन्य अत्यावश्यक सामग्री ढुवानी भएको छ ।
- यस अवधिमा भएका कुल ३२३ अन्तर्राष्ट्रिय उडानमा नेपाल वायुसेवाको १३२ हिमालय एयरलाइन्सको ९२ बुद्ध एयरको ४ र श्री एयरलाइन्सको ६ गरी गरी नेपाली वायुसेवाले २३४ उडान गरेको देखिन्छ ।



प्राधिकरणका महानिर्देशक श्रीलंकाका नागरिक उड्डयन मन्त्री सँग



म्यानमारका महानिर्देशकसँग हिमालय २ रुटका सम्बन्धमा छलफल



चिनीयाँ नागरिक उड्डयन प्रशासनका उपप्रमुखसँग भेटवार्ता



प्राधिकरणका महानिर्देशक र EASA का प्रमुखवीच भेटवार्ता